# Burlington निर्वाचन बारम्बार सोधिने प्रश्नहरू

## मतदान गर्नको लागि मैले कसरी दर्ता गर्ने? अन्तिम मिति कहिले हो?

तपाईंले अहिलेदेखि निर्वाचनको दिनसम्म कुनै पनि समय मतदान गर्नको लागि दर्ता गर्न सक्नु हुनेछ। दर्ताको लागि तपाईंसँग थोरै विकल्पहरू छन्:

- अनलाइन: olvr.vermont.gov/ मा जानुहोस्
- कागज फाराम: यसलाई Burlington क्लर्क/ट्रेजररको अफिसमा ल्याएर बुझाउन वा मेलबाट पठाउन सकिन्छ sos.vermont.gov/media/nesb43yw/2017-voter-app.pdf
- स्वयं उपस्थित: क्लर्क ट्रेजररको अफिस, 149 Church Street, Burlington, VT 05401 मा जानुहोस्। अफिस समयमा (802) 865-7000 मा कल गर्नुहोस्।
- निर्वाचनको दिन: तपाईंको मतदान गर्ने डिस्ट्रिक्ट (वा “वार्ड”) को लागि तोकिएको मतदान स्थलमा

यदि तपाईंले मेल वा अनलाइनबाट पहिलोपटक Vermont मा मतदान गर्नको लागि दर्ता गर्दै हुनुहुन्छ भने तपाईंले स्वीकार्य आइडी प्रमाणपत्रको एउटा फोटोकपी सामेल गर्नुपर्नेछ। स्वीकार्य आइडी प्रमाणपत्रहरूमा:

- फोटो सहितको मान्य आइडी (ड्राइभर लाइसेन्स वा पासपोर्ट)
- हालको युटिलिटी बिल
- हालको बैंक स्टेटमेन्ट
- अर्को सरकारी कागजात

## मतदानको लागि म दर्ता भएको छु भनी कसरी निश्चित गर्ने?

तपाईंको दर्ता वा मतदान डिस्ट्रिक्ट (वा वार्ड) प्रमाणित गर्न Burlington को मतदाता जाँचसूची वा Vermont Secretary of State को वेवसाइट mvp.vermont.gov मा खोजी गर्नुहोस्। यदि तपाईं दर्ता हुनु भएको छ भने यसले तपाईंको तोकिएको मतदान स्थलको दिशानिर्देश पनि प्रदान गर्नेछ। यदि तपाईं दर्ता हुनु भएको छैन भने तपाईंले माथि सूचीकृत विधिहरू अनुसार फेरि अगावै कोशिस गर्न सक्नुहुन्छ, वा निर्वाचन दिनमा तपाईंले आफ्नो मतदान स्थलमा मतदानको लागि दर्ता गर्न सक्नुहुनेछ।

## मैले कसरी मतदान गर्ने?

- तपाईंको मतपत्र क्लर्क/ट्रेजररको अफिसमा मेल गर्नुहोस्।
- ल्याएर छोड्ने भनी तोकिएको स्थानमा तपाईंको मतपत्र ल्याएर छोड्नुहोस्।

- चुनाव दिनमा स्वयं उपस्थित हुनुहोस् ।

तपाईंसँग सुरूवाती मतदान गर्ने विकल्प रहेको छ, तर तपाईं निर्वाचनको दिनमा तोकिएको मतदान स्थलमा जान पनि सक्नुहुनेछ । तपाईंको अनुपस्थित मतपत्र कसरी प्राप्त गर्ने भन्ने बारेमा जानकारीको लागि क्लर्क/ट्रेजररको अफिसमा सम्पर्क गर्नुहोस् ।

**मतपत्र फिर्ता गर्ने निर्देशनहरू**

1. तपाईंको मतपत्रमा मत जाहेर गर्नुहोस् । तपाईंको छनौटहरू गर्नको लागि मतपत्रको माथिल्लो भागमा दिइएका निर्देशनहरू पालना गर्नुहोस् । सन्दर्भको लागि अनुवाद गरिएको नमुना मतपत्र प्रयोग गर्दै हुनुहुन्छ भने, तपाईंले आफ्नो जवाफहरू अंग्रेजी संस्करणको मतपत्रमा अनिवार्य लेख्नुपर्छ । नमुना मतपत्रमा लेखिएका जवाफहरू स्वीकार गरिने छैन ।
2. पूरा गरिएको तपाईंको मतपत्रलाई मतदान भएको मतपत्र खामभित्र राख्नुहोस् ।
3. मतदान भएको मतपत्र खामको अगाडिपट्टि दिइएको स्थानमा तपाईंको नाम र सिटी प्रिन्ट गर्नुहोस् ।
4. सर्टिफिकेटमा हस्ताक्षर गर्नुहोस् ! मतदान भएको मतपत्र खाममा तपाईंले अनिवार्य हस्ताक्षर गर्नुपर्छ, नत्र तपाईंको मत गणना हुनेछैन ।
5. पूरा गरिएको तपाईंको मतपत्रलाई मतदान भएको मतपत्र खाम भित्र राखेर यसलाई सिल गर्नुहोस् ।
6. मतदान भएको मतपत्र खामलाई प्रीपेड मेलिङ खामभित्र राख्नुहोस् जसमा सिटी क्लर्कको ठेगाना पहिल्यै हुन्छ । तपाईंले माथिल्लो बायाँछेउमा तपाईंको फिर्ता/घरको ठेगाना लेख्न सक्नुहुनेछ ।
7. तपाईंको मतपत्र मेलबाट सिटी हलमा रहेको मतपत्र खसाउने बाकस स्थलमा कार्यालय समयमा, वा निर्वाचनको दिनमा तपाईंको तोकिएको मतदान स्थलमा फिर्ता गर्नुहोस् ।
8. यदि मेलबाट पठाउँदै हुनुहुन्छ भने, क्लर्क अफिसले यो प्राप्त गर्नको लागि 7-10 दिन अगावै पठाउनुहोस् ।

**स्वयं उपस्थित मतदान निर्देशनहरू**

1. तपाईंको तोकिएको मतदान स्थलमा आएर लाइनमा बस्नुहोस्, यदि तपाईंले मेल गरिएको मतपत्र प्राप्त गर्नु भएको छ भने सो मतपत्र साथमा ल्याउनुहोस् । सामान्यतया प्रतीक्षा समय छोटो हुन्छन् तर राष्ट्रपतिय निर्वाचनहरूमा लामो हुन सक्छन् । मतदानमा तपाईंलाई सहायता चाहिएमा तपाईंले रोजेको एउटा व्यक्ति यस प्रक्रियामा आफ्नो मद्दतको लागि तपाईंले ल्याउन पाउनुहुन्छ ।
2. जब तपाईं टेबलमा पुग्नु हुन्छ, आफ्नो नाम स्पष्ट बताउनुहोस् । चुनावकर्मीहरूलाई पहिले तपाईंको अन्तिम वा परिवार नाम भन्नुहोस् । यदि कुनै कारणले उनीहरूले मतदाता दर्ता सूचीमा तपाईंको नाम भेट्न सकेनन् भने तपाईंले मतदान गर्न पाउनुअघि तपाईंको मतदाता दर्ता फाराम पूरा गर्न तिनीहरूले तपाईंलाई अर्को टेबलमा पठाउने छन् । यदि तपाईंलाई मेलमा मतपत्र पठाइएको थियो र तपाईंले यसलाई साथमा ल्याउनु भएको छैन

भने तपाईंले अर्को मतपत्र दिनुअघि तपाईंले पहिल्यै मतदान गर्नुभएको छैन भन्ने पुष्टि गर्दै तिनीहरूले तपाईंलाई शपथपत्रमा हस्ताक्षर गर्न लगाउन सक्नेछन् ।

3. तपाईंको मतपत्र लिएर गोप्य बुथमा जानुहोस् । तपाईंको अंग्रेजी मतपत्र पूरा गर्दा (https://www.burlingtonvt.gov/CT/Sample-Ballots-Warnings-and-Notices) आवश्यक परेमा तपाईंले अनुवाद गरिएको नमुना मतपत्र सन्दर्भको रुपमा हेर्न सक्नुहुन्छ । सबै उत्तरहरू अंग्रेजी मतपत्रमा अनिवार्य भर्नुपर्छ, अनुवाद गरिएका नमुना मतपत्र पेश गर्न मिल्दैन ।
4. तपाईंको छनौटहरू तपाईंले पूरा गरेपछि, तपाईंले आफ्नो पूरा भएको मतपत्र मतपत्र मेसिनमा ल्याउनुहुनेछ र मतदानकर्मीहरूले आवश्यक परेमा तपाईंलाई मद्दत गर्नेछन् । यो पूरा भइसकेपछि, तपाईंको मतदान पेश भएको हुनेछ र तपाईं जान सक्नुहुनेछ ।

भिडियो निर्देशनहरू खोज्दै हुनुहुन्छ? यस साइटमा https://www.youtube.com/channel/UCdy2e0EwW59oMye-Odnh3rQ/featured/ अंग्रेजी, सोमाली, स्वाहिली, नेपाली, फ्रेन्च, बर्मेली र अरेबिकमा निर्देशनहरू हेर्नुहोस् ।

## मेरो मेल गरिएको मतपत्र गणना गरियो भन्ने मैले कसरी थाहा पाउने?

तपाईंको मतपत्र टाउन क्लर्कबाट प्राप्त गरिएको थाहा पाउन तपाईंले आफ्नो मतपत्रको स्थिति mvp.vermont.gov/ मा हेर्न सक्नुहुनेछ ।

## मेरो मतपत्र खसाउनको लागि अन्तिम मिति कुन हो?

निर्वाचन भन्दा पहिलेको सोमबार दिउँसो 4:30 सम्म तपाईंको टाउन क्लर्कलाई मतपत्र पठाइसक्नु पर्नेछ वा निर्वाचनको दिनमा बिहान 7 देखि बेलुका 7 भित्र मतदान स्थलमा खसालिसक्नुपर्नेछ ।

## निर्वाचन दिनमा स्वयं उपस्थित भएर म कहाँ मतदान गर्न सक्छु?

तपाईं कुन वार्ड (वा मतदान डिस्ट्रिक्ट) को हुनुहुन्छ भन्ने थाहा पाउन तपाईंले आफ्नो घरको ठेगाना www2.burlingtonvt.gov/Clerk/Elections/Map/ मा खोज्न सक्नुहुन्छ। हामीले प्रत्येक मतदान स्थल देखाउने चिन्ह सहितको हालको मतदान डिस्ट्रिक्ट नक्सा पनि समावेश गरेका छौं। Burlington को लागि मतदान स्थलहरू निम्न रहेका छन्:

**वार्ड 1**

Mater Christi स्कूल
100 Mansfield Ave

**वार्ड 2**

H. O. Wheeler स्कूलमा रहेको इन्टिग्रेटेड आर्ट्स एकेडेमी
6 Archibald Street

**वार्ड 3**

Lawrence Barnes एलिमेन्टरी स्कूल
123 North Street

**वार्ड 4**

Saint Mark's युथ सेन्टर
1271 North Avenue

**वार्ड 5**

Burlington इलेक्ट्रिक डिपार्टमेन्ट
585 Pine Street

**वार्ड 6**

Edmunds मिडिल स्कूल
275 Main Street

**वार्ड 7**

Robert Miller कम्युनिटी एण्ड रिक्रियसन सेन्टर
130 Gosse Court

**वार्ड 8**


Fletcher फ्री लाइब्रेरी
235 College Street

**थप जानकारी वा मार्गदर्शनको लागि क्लर्क/ट्रेजररको अफिसको निम्न ठेगानामा सम्पर्क गर्नुहोस्:**

149 Church Street
Burlington, VT 05401
(802)-865-7000
**www.burlingtonvt.gov/CT/Elections**

**भर्मोन्ट निर्वाचन जानकारी:**

**https://sos.vermont.gov/elections/election-info-resources/**


City Council
Wards and Districts
Burlington, Vermont
Effective March 3, 2015
Wards:
1
2
3
4
5
6
7
8
District Boundary
Voting Location
Derway Island
COLCHESTER
Winooski River
WINOOSKI
SOUTH BURLINGTON
STARR FARM RD
NORTH AVE
STANIFORD RD
ETHAN ALLEN PKY
Leddy Park
Appletree Point
Appletree Bay
BHS
NORTH AVE
VT 127
Intervale
North Beach
Lone Rock Point
NORTH ST
RIVERSIDE AVE
COLCHESTER AVE
Gorge Island
PEARL ST
BATTERY ST
EAST AVE
UVM
MAIN ST
MAIN ST
MAPLE ST
Lake Champlain
Burlington Bay
PINE
ST PAUL ST
SO PROSPECT ST
SHELBURNE ST
FLYNN AVE
Oakledge Park
HOME AVE
Juniper Island
Red Rocks Park
Burlington GIS